संघीय संसद
संसदीय सुनुवाई समिति

संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

२०७६/०३/२३ गते, सोमबार ।

# ५१ औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा कतार, अष्ट्रेलिया र स्पेनका लागि नेपाली राजदुतको पदमा प्रस्तावित व्यक्तिहरु क्रमश: डा. नारदनाथ भारद्वाज, श्री महेशराज दाहाल र श्री दावा फुटी शेर्पासँग उक्त पदका सन्दर्भमा उहाँहरुको योग्यता, अनुभव, अभिरुचि तथा जिम्मेवारी निर्वाह गर्ने सम्बन्धमा आ-आफ्नो अवधारणा, कार्ययोजना र सोचका सम्बन्धमा छलफल गरियो ।

२. नेपाल सरकार परराष्ट्र मन्त्रालयको प.सं. GA/MA/०७५/०७६, च.नं. ८९०९, मिति २०७६/०३/०१ को पत्रानुसार बंगलादेशका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि डा.वंशीधर मिश्र, कतारका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि डा. नारदनाथ भारद्वाज, अष्ट्रेलियाका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि श्री महेशराज दाहाल र स्पेनका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि श्री दावा फुटी शेर्पालाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को उपधारा (१) बमोजिम संसदीय सुनुवाइका लागि पठाइएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम डा. वंशीधर मिश्र, डा. नारदनाथ भारद्वाज, श्री महेशराज दाहाल र श्री दावा फुटी शेर्पाको सुनुवाई गर्दा प्रस्तावित व्यक्तिहरुको योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम डा. वंशीधर मिश्र, डा. नारदनाथ भारद्वाज, श्री महेशराज दाहाल र श्री दावा फुटी शेर्पाको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।